**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**
**मितिः २६ अप्रेल २०२४**
**समयः १८:५० – १९:०० बजे**

**प्रमुख समाचार**

१. दार्जीलिङ लोकसभा आसनमा मतदान शान्तिपूर्ण ढ़ंगमा सम्पन्न । दार्जलिङमा ६२ प्रतिशत, कालेबुङमा ६५ प्रतिशत शत, खरसांगमा ६५ ईतिशत ,सिलगड़ीमा ७२ प्रतिशत , फाँसीदेवामा ७६ प्रतिशत चोपड़ामा ७४ प्रतिशत मतिगड़ा नक्सलबाड़ीमा ७८ प्रतिशत मतदान रेकर्ड गरियो। मत प्रतिशत पूर्ण व्यौरा आएपछि बढ़ने अनुमान छ।

२. दार्जीलिङ संसदीय क्षेत्रका अधिकांश नेताहरूले आज बिहानै मतदान गरे तथा मतदाताहरूलाई बढ़ी संख्यामा मतदान गर्ने आवाहान गरे।

३. लोकसभा चुनावको पाँचौ चरणको नामाकंन भने प्रक्रिया आजदेखि शुरू । यस चरणमा पश्चिम बंगालको ७ सिटमा २० मे को दिन मतदप हुनेछ।

४. सीबीआई ले संदशखाली काण्डका मुख्य आरोपी शोख शाह जहाँको भाईको घरबाट ठूलो मात्रामा हातहतियार र बम बरामद गरेको छ।

**पी.सी भोट**

पश्चिम बंगालका ३ लोकसभा  आसनमा मतदान शानितपूर्ण ढ़ंगमा समपन्न भएको छ। बिहान ७ बजे देखि शुरूस भएको मतदान साँझ ६ बजे समाप्त भएका छ। यद्यपि ६ बजे सम्म लाइनमा लाग्नेहरूले मतदान गर्न पाउनेछन्। ताजा प्राप्त आकंड़ा अनुसार दार्जीलिङ संसदीय आसनका ७ विधानसभा क्षेत्र दार्जीलिङमा ६२ प्रतिशत कालेबुङमा ६५ प्रतिशत  , खरसांगमा ६५ प्रतिशत , सिलेड़ी ७२ प्रतिशत , फाँसीदेवा ७६.७ प्रतिशत , चोपड़ामा ७४.८१ प्रतिशत , मतिगड़ा,नकसलबाड़ीमा ७८ प्रतिशत मतदान रेकर्ड गरिएको छ। यसका साथै यस सीटमा कूल मतदान ७०.९८ रेकर्ड गरिएको छ। आज बिहान देखि निर्धारित सबै मतदान केन्द्रहरूमा शान्तिपूर्ण ढ़ंगमा मतदान शुरू भएको थियो तथा शान्तिपूर्ण ढ़ंगमा सम्पन्न भएको छ। सुचारू , स्वतन्त्र र निष्पक्ष चुनावका लागि झण्डै १५० भन्दा बढ़ी केन्द्रिय सुरक्षा बलका कम्पनीहरूलाई तैनात गरिएको थियो।बढ़ी संख्यामा महिला मतदाताहरूले मतदान गरेकी छन्। मतदाताहरूमा वयोवृद्धहरूको भागीदारी पनि उत्साहवर्धक थियो भारतका पूर्व विदेश सचिव तथा जी-२० का मुख्य संयोजक हर्षवर्धन श्रृंगलाले दार्जीलिङमा मतदान बिहानै गरेका थिए तथा बढ़ी संख्यामा घरबाट बाहिर निस्केर मतदान गर्ने तमानिसहरूसित अपील गरेका थिए। यसैगरी जीटिए का प्रमुख कार्यपाल अनित थापाले पनि खरसांगम बिहानै मतदान गर्ने अपील गरेका थिए। टिएमसी उम्मेद्वार गोपाल लामोले सिगलगड़ीमा मत खसोल भने गोर्खा जनमुक्ति मोर्चाका नेता विमल गुरूङले पातले बाँसमा मतदान गरे। व्यवस्थित मतदान गर्न यस संसदीय सीटमा जम्मा १६९६ मतदान केन्द्रहरू स्थापित गरिएका थिए जसमा ५४ वटा आदर्श मतदान केन्द्रहरू पूर्ण रूपले महिला कर्मीहरू द्वारा संचालित गरिएको थियो। मतदानको पूर्ण व्यौरा आएपछि मतिदान प्रतित बढ़ने संभावना छ।

****** ० ******

**चुनाउ आईसीडीएस**

18औं लोकसभा चुनाउको समय नानीका आमाहरूका लागि दार्जीलिङमा अलग्गै व्यवस्था गरिएको देखियो। दार्जीलिङको जिल्ला शासकको निर्देशनमा आईसीडीएस कर्मचारीहरूद्वारा नानीका आमा मतदाताहरूका लागि भोट हाल्न सुविधा होस् भनेर नानीहरू हेर्ने व्यवस्था गरिएको थियो। नानीका आमाहरूले सहजताका साथ भोट हाल्न सकुन् भनी यस्तो

व्यवस्था गरिएको बताइएको छ।
यस्तो व्यवस्था दार्जीलिङको सन्त जोसेफ कलेजमा रहेको बुथमा गरिएको छ। उक्त विषयमा पत्रकारहरूसित कुराकानी गर्दै दार्जीलिङ अर्बन आईसीडीएस प्रोजेक्ट वार्ड नम्बर 29 की सुष्मा थापाले दार्जीलिङको सन्त जोसेफ कलेजमा रहेको बुथमा दार्जीलिङ नगरपालिकाको वार्ड नम्बर 29 का गर्भवती महिला र नानीका आमाहरूका लागि आईसीडीएसको स्टल राखिएको बताइन् । उनले यस स्टलमा भोट हाल्न आउने नानीहरूका आमालाई सहयोग गर्ने तथा नानीहरू हेरचाह गरिदिने बताइन्।

****** ० ******

**लोकसभा चुनाव दोस्रो चरण**

लोकसभा चुनावको दोस्रो चरणमा भारी मात्रमा मतदान भएको खबर छ । बिहान ११ बजेसम्म त्रिपुरामा ३६ प्रतिशतभन्दा बढीए  छत्तीसगढमा ३५ प्रतिशतभन्दा बढीए  मणिपुरमा ३३ प्रतिशतभन्दा बढीए  पश्चिम बंगालमा ३१ प्रतिशतभन्दा बढीए  मध्य प्रदेशमा २८ प्रतिशतभन्दा बढीए  आसाममा २७ प्रतिशतभन्दा बढीए  जम्मू- कश्मीरमा २६ प्रतिशतभन्दा बढीए राजस्थानमा २७ प्रतिशतभन्दा बढीए केरलामा २५ प्रतिशतभन्दा बढीए उत्तर प्रदेशमा २४ प्रतिशतभन्दा बढीए  कर्नाटकमा २२ प्रतिशतभन्दा बढीए  बिहारमा २१ प्रतिशतभन्दा बढी र महाराष्ट्रमा १९ प्रतिशतभन्दा बढी मतदान भएको  रेकर्ड गरिएको थियो।

****** ० ******

**लोकसभा चुनावको पाँचौ चरण(2)**

लोकसभा चुनावको पाँचौ चरणको आज अधिसूचना जारी भएसँगै उम्मेदवारी दर्ताको प्रक्रिया सुरु भएको छ । यस चरणमा ६ राज्य र दुई केन्द्र शासित प्रदेशका ४९ सिटका लागि चुनाव हुनेछ। यस चरणमा उत्तर प्रदेशका १४ए  महाराष्ट्रका १३ए  पश्चिम बंगालका सातए  ओडिशा र बिहारका पाँच–पाँचए  झारखण्डका तीन र जम्मू–कश्मीर र लद्दाखका एक–एक सिटका लागि मतदान हुँदैछ ।
तीन मई सम्म  नामांकन दर्ता गर्न सकिने छ । यस चरणको मतदान २० मईमा हुनेछ। ओडिशामा दोस्रो चरणको विधानसभा चुनावको लागि पनि आज अधिसूचना जारी गरिएको छ।

****** ० ******

**पी एम नरेन्द्र मोदी**

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता नरेन्द्र मोदीले पश्चिम बङ्गालमा आयोजित चुनावी सभालाई सम्बोधन गर्नुभयो  । उहाँले ममता बनर्जी सरकार माथि कडा प्रहार गर्दै भन्नुभयो  केन्द्रबाट बङ्गालका जनतालाई जति पैसा पठाइन्छ, त्यो ममता बनर्जीका मन्त्री र नेताहरूले खान्छन् भनि भन्नुभयो। मालदामा एक र्यालीलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, 'तपाईंहरु यति ठूलो संख्यामा आउनु भएको छ कि जमिन सानो भएको छ ।  यसका लागि म माफी माग्छु । प्रधानमन्त्री मोदीले भन्नुभयो, 'मलाई लाग्छ कि या त म अघिल्लो जन्ममा बङ्गालमा जन्मेको हुँ वा मेरो अर्को जन्म यहीँ हुनेछ। तृणमूल सरकारलाई लक्षित गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, शिक्षक घोटाला, राशन घोटाला, सबै यहाँ भइरहेको गरिबलाई ५ लाख रुपैयाँको निःशुल्क उपचार दिने आयुष्मान योजनालाई यहाँ लागु गरिएको छैन  । यसबाहेक हामीले पीएम किसान सम्मान निधि अन्तर्गत बङ्गालका किसानहरूलाई आठ हजार करोड रुपिया पठाएका छौं। यसलाई पनि बङ्गालको टीएमसी सरकारले रोकेको छ। 'तपाईंको चिन्ता र समस्यासँग तृणमूलको कुनै सम्बन्ध छैन। उनीहरू बङ्गालमा वन्दे भारत रेलहरू बन्द होस् भन्ने चाहन्छन्। मालदाका किसानहरूको आँप र मखाना संसारभरि प्रसिद्ध छ, मेरो चाहाना छ उनीहरूको आम्दानी बढ्दै जावोस उहाँले भन्नु भयो  । यसको लागि हामी एक खाद्य प्रसंस्करण इकाई स्थापना गर्नेछौं । प्रधानमन्त्री मोदीले माँ, माटी र मानुषको नाममा आएको तृणमूलले महिलालाई सबैभन्दा बढी क्षति पुर्याएको बताउनु भयो । मोदीले भने, 'जब हामीले मुस्लिम महिलालाई न्याय दिलाउनका लागि तीन तलाक खारेज गर्यौं, तब टीएमसी सरकार यसको विरोधमा थियो । यसबाहेक उहाँले  सन्देशखालीमा महिलालाई यातना दिने व्यक्तिलाई संरक्षण गरिरहेकी थिइन् । नागरिकता संशोधन

ऐनको विषयमा उहाले भन्नु भयो, 'यदि कुनै पनि देशमा हिन्दू, बौद्ध, सिख र इसाईहरू उत्पीडनमा पर्छन् भने उनीहरू कहाँ जानेछन्? हामीले ती व्यक्तिलाई नागरिकता दिइरहेका छौं । प्रधानमन्त्री मोदीले टीएमसी र कंग्रेसलाई लक्षित गर्दै भन्नुभयो कि टीएमसी र कांग्रेसलाई एक साथ राख्नको लागि सबैभन्दा ठूलो चुम्बक तुष्टिकरण हो। यी दुई दलले तुष्टीकरणका लागि जे पनि गर्न सक्छन् । तुष्टीकरणका खातिर यी मानिसहरू देशको हितमा गरिएका हरेक निर्णय उल्ट्याउन चाहन्छन् । राहुल गान्धीको यो योजनाको साथमा तृणमूलका जनता पनि छन् । प्रधानमन्त्री मोदीले भन्नुभयो, 'कांग्रेसले घुसपैठिहरुलाई तपाईको जमिन र खेतबारी कब्जा गर्न लगाउँछ ।

****** o ******

**राम नवमी**

पश्चिम बङ्गालको मुर्शिदाबादमा रामनवमीको समयमा ढुङ्गामुढा र आगजनीका घटनाहरूको अनुसन्धान एनआईएले गर्न सक्ने संकेत पाएको छ| कलकत्ता उच्च अदालतले आज राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) लाई पश्चिम बङ्गालको मुर्शिदाबाद जिल्लामा रामनवमीको अवसरमा भएको झडप र यस घटनाको अनुसन्धान केन्द्रीय एजेन्सीलाई सुम्पिने कि नसुम्पिने भन्ने विषयमा रिपोर्ट पेश गर्न निर्देशन दिएको छ । मुर्शिदाबाद जिल्लाका पुलिस सुपरिटेन्डेन्टले 13 अनि 17 अप्रैलमा बेलडांगा र शक्तिपुरमा भएको झडपमा बम र अन्य हतियारको कथित प्रयोग भएको रिपोर्टमा उल्लेख गरिएको छ। मुख्य न्यायाधीश टी.एस. न्यायाधीश शिवगनम र हिरन्मय भट्टाचार्यको इजलासले एनआईएलाई दुई पीआईएलमा भएको झडप र अन्य आरोप र बमको कथित प्रयोगबारे रिपोर्ट पेश गर्न निर्देशन दिएको छ ।

बेन्चले एनआईएलाई रिपोर्टमा स्पष्ट पार्न भनेको छ कि झडपको सम्बन्धमा दर्ता गरिएको एफआईआरको अनुसन्धान केन्द्रीय एजेन्सीलाई सुम्पिनु पर्छ कि पर्दैन। केन्द्र सरकारका प्रतिनिधि अतिरिक्त सोलिसिटर जनरल अशोककुमार चक्रवर्तीले दायर गरेको गम्भीर आरोपको छानबिन गर्न पनि अदालतले एनआईएलाई निर्देशन दिएको छ । मुर्शिदाबादका पुलिस सुपरिटेन्डेन्ट र अपराध अनुसन्धान विभागले उच्च अदालतको निर्देशनमा शपथपत्रको रूपमा अदालतमा रिपोर्ट पेश गरेका थिए। गत अप्रिल २३ मा उच्च अदालतले मुर्शिदाबाद जिल्लामा रामनवमी समारोहका क्रममा दुई समुदायबीच भएको झडपप्रति असन्तुष्टि व्यक्त गर्दै निर्वाचन आयोगलाई बेरहामपुरमा लोकसभा चुनाव स्थगित गर्न सिफारिस गर्न प्रस्ताव गरेको थियो । मुर्शिदाबादको बहरामपुर लोकसभा निर्वाचन क्षेत्रमा भएको झडपको सीबीआई र एनआईएले अनुसन्धान को माग गर्दै दायर गरेको दुई याचिकामा अदालतले सुनुवाई गरिरहेको छ । उच्च अदालतले आदर्श आचार संहिता (एमसिसी) लागू हुँदा दुई समूहबीच झगडा भइरहेको छ भने उनीहरूलाई कुनै निर्वाचित प्रतिनिधिको आवश्यकता नपर्ने बताएको छ । यस्तो अवस्थामा निर्वाचनले अर्को समस्या खडा गर्नेछ । विहिपको कोलकाता क्षेत्रका संयोजक अमिय सरकार र मुस्लिम राष्ट्रिय मञ्चका पश्चिम बङ्गाल तथा सिक्किम क्षेत्रीय संयोजक एसए अफजलले जनहित याचिका दायर गरेका हुन् ।

****** o ******

**सन्देशखाली – सिबिआई**

सिबिआईले सन्देशखालीमा फेरि छापा मारेको छ । केन्द्रीय अनुसन्धान एजेन्सीका अधिकारीहरूले शाहजहाँ शेखका एक आफन्तको घरबाट ठूलो परिमाणमा हतियार र बम जफत गरेको छ। शुक्रबार सीबीआईले शाहजहाँका निकट सहयोगी हफिजुल खानकी सालीको मल्लिकपुर, सरबेरिया, सन्देशखालीमा रहेको घरमा छापा मारेको थियो । मुख्य सडकबाट करिब २०० मिटर को दुरीमा रहेको यो घर माछा पोखरीले घेरिएको छ । त्यहाँ पुग्न एउटा मात्र साँघुरो इँटाको बाटो छ। केन्द्रीय सुरक्षा बलले सडक अवरुद्ध गर्नुका साथै खोजी अभियान सुरु गरेको छ ।
सीबीआई स्रोतका अनुसार घरबाट ठूलो संख्यामा हतियार र बम बरामद गरिएको छ । गोप्य स्रोतबाट हतियार र बमको भण्डारबारे जानकारी प्राप्त हुनासाथ उक्त अपरेसन गरिएको दाबी गरिएको छ । सिबिआईका अनुसार घरमा आवश्यक कागजातहरु बरामद गरिएको छ । सिबिआईका अधिकारीहरु अझै पनि घरभित्रै रहेको बताइएको छ ।

****** ० ******

**रेल परिचालन नियन्त्रण**

ट्राफिक र पावर ब्लकका कारण पश्चिम बर्दवान जिल्लाको आसनसोल डिभिजनमा आजदेखि दुई सप्तासम्म रेल परिचालन नियन्त्रण गरिनेछ। यस अवधिमा रेलको आवागमन अवरुद्ध हुनेछ । रेलवे स्रोतका अनुसार यस अवधिमा (शनिबारबाहेक १० मे सम्म) सितारामपुर–झाझा खण्डको सिमुलतला स्टेशन बोर्डरमा डाउन मेन लाइनमा ट्र्याक मर्मतकार्यका लागि तीन घण्टा (दिउँसो १.३० देखि ४.३० बजेसम्म) रेलको आवागमन अवरुद्ध हुनेछ। यातायात र पावर ब्लक योजनाको लागि, ट्रेन आवागमनको व्यवस्था निम्नानुसार गरिएको छ: 03675/03676 आसनसोल-झाझा-आसनसोल मेमू विशेष निर्धारित यात्रा भन्दा कम चल्नेछ।

****** ० ******

**राजु बिष्ट**

लोकसभा चुनावको दोस्रो चरणअन्तर्गत दार्जिलिङ लगायत पश्चिम बंगालको तीन लोकसभा सीटका लागि आज मतदान भएको छ। दार्जिलिङमा बिहानैदेखि शान्तिपूर्ण रुपमा मतदान भयो । दार्जिलिङ बीजेपीका उम्मेदवार राजु बिष्टले सिलगढीका विभिन्न बुथको भ्रमण गर्नुभयो। यस क्रममा उहाँले मतदातासँग कुराकानी पनि गर्नुभयो ।पत्रकारसँग कुरा गर्दै राजु बिष्टले यो दिन हामी सबैका लागि महत्वपूर्ण दिन भएको बताउनुभयो । उहाँले सबैले आफ्नो मताधिकार प्रयोग गर्नुपर्छ भनि अनुरोध गर्नुभयो।

****** ० ******

**गोपाल लामा**

दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रमा आज मतदान प्रक्रिया सुचारु रूपमा संम्पन्न भएको छ क्षेत्रमा मतदातासँगै उम्मेदवारले पनि भोट हालेका छन् । दार्जिलिङका तृणमूल उम्मेदवार गोपाल लामाले बिहान ७ बजे मतदान गर्नुभयो । गोपाल लामाले प्रधाननगरस्थित मार्गरेट स्कुलमा मतदान गर्नुभयो । पहिलो पटक राजनीतिमा प्रवेश गरी लोकसभा चुनावमा उम्मेदवार बनेका गोपाल लामाले ठूलो मतान्तरले विजयी हुने दाबी गर्नुभएको छ । पत्रकारसँग कुरा गर्दै उहाँले आफू पहाड नजाने, सिलगढीका विभिन्न बुथको भ्रमण गर्ने बताउनुभयो ।

****** ० ******

**अजय एडवर्ड**

हाम्रो पार्टीको अध्यक्ष अजय एडवर्डले आज आफ्नो 84 वर्षीय आमाको साथमा मताधिकार प्रयोग गर्नुभएको छ। उहाँले दार्जीलिङको सन्त रोबर्ट हाई स्कूलमा स्थापित बुथमा आफ्नो मताधिकार प्रयोग गर्नुभयो। आफ्नो मताधिकार प्रयोग गरेपछि पत्रकारहरूसित कुराकानी गर्दै हाम्रो पार्टीको केन्द्रिय अध्यक्ष अजय एडवर्डले दार्जीलिङ पहाडमा चुनाउ शान्तिपूर्ण भइरहेको बताउनुभयो।

****** ० ******

**फांसीदेवा – ईवीएम गडबडी**

लोकसभा चुनावको दोस्रो चरणमा भै रहेको मतदानको समय दार्जिलिंग लोकसभा क्षेत्रको फांसीदेवामा मतदान सुरु भएको केहि क्षन पछि ईवीएममा गडबडी भएको खबर प्राप्त भएको छ । यो मामिला फांसीदेवा निकरगछ प्राथमिक विद्यालय

बूथ संख्या 27/163 को हो। ईवीएममा गडबडी पाइए पछि मतदान झन्डै डेढ़ घण्टा सम्म बाधित रह्यो। प्राप्त जनाकारी अनुसार, यस केंद्रमा सात बजे मतदान शुरू भएको थियो। तर केहि मानिसहरुले मतदान गरे पछि ईवीएममा गड़बड़ी भएको थियो। त्यस पछि झन्डै डेढ़ घण्टा पछि मतदान फेरी सुरु भयो|

****** ० ******